नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना विभाग
(योजना तथा प्रशासन शाखा)
फोन: ४११२७१७
४११२५५१
४११२७५३
४४११८१६
फ्याक्स : ४११२६५२
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

पत्रसंख्या :-२०७४/७५
च.नं.:- ८३३

मिति : २०७४/१२/०२

**विषयः पत्रकार दुर्घटना बीमा कार्यक्रममा सहभागिता बारे ।**

**श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय समिति,**
**सञ्चारग्राम,तिलगंगा, काठमाडौं ।**

पत्रकार दुर्घटना बीमा (व्यवस्थान) निर्देशिका, २०७० बमोजिम नेपाल सरकारले पत्रकारहरुको दुर्घटना बीमा गर्ने कार्य प्रक्रिया अघि बढाइ प्रतिस्पर्धाको आधारमा बीमा शुल्क **प्रतिव्यक्ति प्रतिवर्ष मूल्य अभिवृद्धिकर सहित रु.३१०।७५ (तीन सय दश रुपिया पैसा पचहत्तरमात्र)** मा एक वर्षको दुर्घटना बीमा गर्न एनएलजी इन्सुरेन्स कम्पनी लिमिटेड बीमक कम्पनी छनोट भई सम्झौता भएकोले यस कार्यक्रममा सहभागी हुन सवै जिल्लाका नेपालपत्रकार महासंघ जिल्ला शाखालाई जानकारी र समन्वयको लागि निर्देशानुसार अनुरोध छ ।

**पत्रकार दुर्घटना बीमा कार्यक्रममा सहभागी हुनका लागि निर्देशिकामा भएको व्यवस्थाः**

१. सूचना विभागबाट जारी प्रेस प्रतिनिधी प्रमाणपत्र प्राप्त गरेको ।
२. नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरेको ।

(रकम रु.मा)

| सि.नं. | पत्रकारहरुको विवरण | बीमित योगदान | | | | | | वार्षिक प्रिमियम जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | सञ्चार प्रतिष्ठान | | पत्रकार स्वयम | | नेपाल सरकार | | |
| | | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | |
| १ | सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारका लागि | २५% | ७७।६९ | - | - | ७५% | २३३।०६ | ३१०।७५ |
| २ | स्वतन्त्र पत्रकार | - | - | २५% | ७७।६९ | ७५% | २३३।०६ | ३१०।७५ |
| २ | सरकारी लोककल्याणकारी विज्ञापन नलिने मिडियामा कार्यरत पत्रकार, स्वतन्त्र रुपमा कार्यरत पत्रकार र समाचार उत्पादन कार्यमा संलग्न पत्रकारहरु आफैले बीमा योजनामा सहभागी हुन | - | - | ५०% | १५५।३८ | ५०% | १५५।३७ | ३१०।७५ |

२०७४।१२।०२
प्रविण कटवाल
शाखा अधिकृत

"निजामती कर्मचारीको प्रतिवद्धताः पारदर्शिता र चुस्तता"



Scanned by CamScanner

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग
(योजना तथा प्रशासन शाखा)

फोनः ४११२७१७
४११२५५१
४११२७५३
४४११८१६
फ्याक्स : ४११२६५२

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

पत्रसंख्या :-२०७४/७५
च.नं.:-

**आवश्यक कागजात र बीमित योगदान रकम कसले कति पठाउनु पर्नेः**

- सञ्चार प्रतिष्ठानमा कार्यरत सबै श्रमजीवी पत्रकारहरुको बीमा गर्नको लागि पत्रकारहरुबाट प्रेस प्रतिनिधि प्रमाणपत्रको प्रतिलिपि, नेपाल पत्रकार महासंघको सदस्यताको प्रतिलिपि प्राप्त गरी बीमा गरिने पत्रकारहरुको नामावली र बीमित योगदान (बीमाशूल्क) प्रतिव्यक्ति **रु. ७७।६९** (सतहत्तर रुपैंया पैसा उन्नसत्तरी मात्र) सहित देहायको विवरण सञ्चार प्रतिष्ठानले नेपाल पत्रकार महासंघमार्फत् एकमुष्ट पठाउनु पर्नेछ ।
- स्वतन्त्र पत्रकार स्वयंले बीमा कार्यक्रममा सहभागी हुन प्रेस प्रतिनिधि प्रमाणपत्र, नेपालपत्रकार महासंघको सदस्यताको प्रतिलिपि **रु. ७७।६९** (सतहत्तर रुपैंया पैसा उन्नसत्तरी मात्र)) सहित पत्रकार स्वयंले निवेदन पठाउनु हुनेछ ।
- सरकारी लोककल्याणकारी विज्ञापन नलिने मिडियामा कार्यरत पत्रकार, स्वतन्त्र रुपमा कार्यरत पत्रकार र समाचार उत्पादन कार्यमा संलग्न पत्रकारहरु आफैले बीमा योजनामा सहभागी हुन प्रेस प्रतिनिधी प्रमाणपत्र, नेपाल पत्रकार महासंघको सदस्यताको प्रतिलिपि प्राप्त गरी बीमा गर्ने पत्रकारहरुको नामावली, रु. **१५५।३८**(एक सय पचपन्न रुपैयाँ अठतिस पैसा) सहित निवेदन पठाउनु हुनेछ ।

**निवेदन पठाउने कार्यालय**

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिमार्फत् सूचना विभागमा पठाइदिने व्यवस्था हुन अनुरोध छ । पत्रकार दुर्घटना बीमा कार्यक्रममा संलग्न हुने पत्रकाहरुका सञ्चार प्रतिष्ठान अनुरुप नामावली र प्रिमियम शुल्क नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको कार्यालयमा संकलन हुनेछ । नेपाल पत्रकार महासंघबाट संकलित नामावली सहित आवश्यक प्रिमियम रकम एकमुष्ट रुपमा सूचना विभागमा प्राप्त भएपछि नामावलीसहितको प्रिमियम रकम बीमक कम्पनीमा पठाएपछि बीमा प्रारम्भ हुनेछ ।

पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७० र पत्रकार दुर्घटना बीमालेख यस विभागको वेवसाइट www.doinepl.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**पत्रकारहरुको विवरण पठाउनु पर्ने ढाँचाः**

| क्र.सं. | प्रेस प्रतिनिधि प्रमाणपत्र नं. | नाम | ठेगाना | सञ्चार प्रतिष्ठानको नाम | नेपाल पत्रकार महासंघको सदस्यता नं. | जन्म मिति | सम्पर्क नं. | इ-मेल ठेगाना | इच्छाएको व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

२०७४/१/२०
(प्रवीण कटवाल)
शाखा अधिकृत

**बोधार्थः**
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
सिंहदरबार, काठमाडौं ।



Scanned by CamScanner